# उद्योग वाणिज्य सन्देश

मासिक

a newsletter of CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २५, अंक १, फागुन/चैत २०७४ February/March/April 2018


## ५१ औं साधारण सभा सम्पन्न

### समुद्घाटन समारोह

उद्योग वाणिज्य संघ-चितवनको ५१ औं वार्षिक साधारण सभा तथा अधिवेशनको समुद्घाटन समारोह पौष २९ गतेका दिन सम्पन्न भयो । चितवन जिल्लाका क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य श्री कृष्णभक्त पोखरेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रमा बोल्दै प्रमुख अतिथी पोखरेलले चितवनलाई आर्थिक राजधानी बनाउनको लागि निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको बताउनु भयो ।

उद्योग वाणिज्य संघ चितवनको ५१ औं साधारण सभाको उद्घाटन समारोहमा बोल्दै नेता पोखरेलले सरकारको हरेक योजनामा निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने भएकोले विकासको क्षेत्रमा निजी क्षेत्रको अनिवार्य आवश्यकता रहने बताउनु भयो। 'हिजो हामीले देशकै राजधानी बनाउने भन्यौं, तर सकेनौं, कारण देखाउँदै उनले भने, त्यतिबेला तराईका जिल्लाहरुमा आगो बलिरहेको थियो। त्यस्तो बेलामा चितवनलाई राजधानी बनाउादा राजधानीमा पनि आगो बल्न सक्थ्यो। त्यसैले हामी नचाहेर पनि चितवनलाई राजधानी बनाउने विषयमा खुम्चिनु पर्‍यो । त्यसपछि प्रदेशको राजधानी बनाउने भन्ने विषयमा भूगोलले नदिएको उहाँले बताउनु भयो । 'तर, अब हामीले यहीबाट आर्थिक क्रान्ति सुरु गर्ने बेला भएको छ, नेकमा एमाले चितवनका अध्यक्ष समेत रहेका नेता पोखरेलले थपे, 'यसको लागि जनताले बाम सरकारको आवश्यकता महसुस गरेर हामीलाई संसदमा पठाएको छ ।'

चितवन जिल्ला सबै क्षेत्रको लागि सम्भावित जिल्ला भएकोले अब नेपालको आर्थिक क्रान्ति पनि चितवनबाटै थाल्नुपर्ने बेला आएको




बाँकी ५ पेजमा

## उद्योग वाणिज्य संघ-चितवन अर्न्तगतका बस्तुगत संघको भेला सम्पन्न

उद्योग वाणिज्य संघ-चितवन अर्न्तगतका विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधहरु र उद्योग वाणिज्य संघ चितवनका पदाधिकारी बिच एक अन्तरक्रियात्मक कार्यक्रम सहितको भेला माघ ११ गते संघको सचिवालयमा सम्पन्न भएको थियो । बिभिन्न वस्तुगत संघका समस्याहरु र समस्या समाधानका लागि आगामी कस्ता कार्यक्रमहरु तथा रणनितिहरु अपनाउन सकिन्छ भन्ने उदेश्यका साथ उक्त भेलाको आयोजना गरिएको हो । भेलामा उपस्थित वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरुलाई स्वागत गर्दै संघका अध्यक्ष श्री सहनलाल प्रधानले उद्योग वाणिज्य संघ सम्पूर्ण व्यवसायीहरुको छाता संगठन भएकोले बिभिन्न वस्तुगत संघहरुले उनिहरुको प्रतिनिधित्व समेत गर्ने हुंदा आ-आफ्ना संघका समस्याहरु संकलन गरि निकट भविष्यमा आयोजना गर्न लागिएको योजना तर्जुमा गोष्ठिमा उक्त समस्याहरु उल्लेख गरि योजना तर्जुमा गर्ने उल्लेख गर्नु भयो । उपस्थित सबैलाई स्वागत गर्दै अध्यक्ष प्रधानले चितवनको आर्थिक बिकासमा सम्पूर्ण सबै एक जुट भइ लाग्नु पर्नेमा जोड दिंदै सम्पूर्ण सबैको सहयोगको अपेक्षा राखेको धारणा ब्यक्त गर्नु भयो । सोहि अवसरमा बोल्दै संघका निबर्तमान अध्यक्ष राजन गौतमले प्राय




उद्यमी व्यवसायीहरुका समस्या एकै किशिमका भएकोले समस्या समाधानका लागि सशक्त आन्दोलनकै रुपमा अग्रसर भई पहल गर्नु पर्ने र यसका लागि संघले नेतृत्व गर्ने धारणा ब्यक्त गर्नुभयो । उक्त अवसरमा सम्पूर्ण बस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरुले आ-आफ्नो संघ संग सम्बन्धित समस्या सहितका धारणा ब्यक्त गर्नु

बाँकी ६ पेजमा


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं.६/०४९/०५० / AN ISO 9001:2008 CERTIFIED CHAMBER

ISO 9001:2008

प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोन : ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL: www.ccichitwan.org, E-mail : info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवनको

### लक्ष्य (Mission)

"उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्वर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमवाट राष्ट्रिय विकासको माध्यमवाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुर्‍याउने ।"

### परिकल्पना (Vision)

"आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै वढि आर्थिक कृयाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्त्ववदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।"

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिवद्ध छ ।


## प्रकाशन समिति

**संयोजक**

सिद्धार्थलाल चुके
कार्यसमिति सदस्य

**सदस्यहरू**

राजेन्द्र ओली, प्रशान्त कुमार पिया, ईश्वर जोशी, बालगोपाल चुके, बद्रिनाथ पोखरेल, सुरेशकुमार श्रेष्ठ, रामशरण शिलवाल (सल्लाहकार)

**सम्पादन**

निल बहादुर के.सी. (निलु)
कार्यक्रम अधिकृत

**ले-आउट/डिजाइन**

सोमराज राउत
उद्योग वाणिज्य संघ-चितवन

**मुद्रण**

चित्रवन प्रिन्टर्स (प्रा) लि.
प्रेश मार्ग, शहिदचोक, नारायणगढ, चितवन
फोन : ०५६-५७१७४८


# ५८ औं स्थापना दिवश

उद्योग वाणिज्य संघ-चितवनको ५८ औं स्थापना दिवश बिभिन्न कार्यक्रमहरुको आयोजना गरि सम्पन्न भएको छ । स्थापना दिवसको शुभ अवसरमा संघको परिसरमा आयोजना गरिएको स्थापना दिवश विशेष कार्यक्रम अर्न्तगत अन्तरक्रिया कार्यक्रम, खुल्ला रक्तदान कार्यक्रम र निशुल्क स्वास्थ्य परिक्षण आयोजना गरि मनाइएको हो । संघको सभाहलमा आयोजित अन्तरक्रिया कार्यक्रममा उपस्थित प्रमुख अतिथी , अतिथी लगायत उपस्थित सबैलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनले चितवन जिल्लाको समग्र विकासमा अनवरत रुपमा लागेको र आगामी दिनमा पनि स्थानिय निकायको समन्वय संगै अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सोहि कार्यक्रममा बोल्दै अध्यक्ष प्रधानले संघ सार्वजनिक निजी साझेदारी कार्यक्रम अर्न्तगत स्थानिय विकास तथा औद्योगिक विकास लगायत चितवनको समग्र विकासमा हातेमाले गर्न तयार रहेको र विकास निर्माण र समृद्धीको लागि सम्पुर्ण लाग्नु पर्ने औंल्याउनु भयो । कार्यक्रममा उहांले नारायणगढ बजारमा अव्यवस्थित रुपमा रहेका फुटपाथ व्यवसायलाई बिकल्प सहित व्यवस्थापन गर्नु पर्ने, पार्किङ व्यवस्थापन गर्नुपर्ने, अटोल्यान्डको व्यवस्था गर्नु पर्ने, फलफुल तथा तरकारी थोक बजारलाई व्यवस्थित गर्नु पर्ने साथै नारायणी नदि किनारलाई सार्वजनिक निजि साझेदारी मोडल अर्न्तगत व्यवस्थित गर्नमा सम्बन्धित निकायको ध्यान आकर्षण गर्दै उक्त कार्यको लागि संघले नेतृत्व गर्न समेत तयार रहेको बताउनु भयो । स्थापना दिवशको उद्घाटन गर्दै भरतपुर महानगरपालिकाका प्रमुख एवम् कार्यक्रमका प्रमुख अतिथी रेणु दाहालले उद्योग वाणिज्य संघ-चितवन र स्थानिय निकाय बिचको सम्बन्ध सुदृढ रहेको र आगामी दिनमा पनि अझ बढि सुदृढ हुँदै जाने विश्वास ब्यक्त गर्नु भयो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी दाहालले उद्योग वाणिज्य संघका तर्फबाट अनुरोध गरेका माग बमोजिम महानगरपालिका संगसंगै अगाढी बढ्ने बताउनु भयो । उहांले महानगरको विकासमा सार्व जनिक निजी साझेदारी कार्यक्रम अर्न्तगत बिभिन्न कार्यक्रम संचालन गर्न सकिने भन्दै कतिपय कार्यहरु योजनावद्ध तरिकाले अगाडी बढिरहेको बताउंदै महानगरपालिका व्यवसायीहरुको समस्या समाधान गर्न तयार रहेको र व्यवसायीहरुको पनि साथ आवश्यक भएको औंल्याउनु भयो ।

सोहि कार्यक्रमा स्वास्थ्य सम्बन्धि बिभिन्न आयामहरुका बारेमा समेत अन्तरक्रिया भएको थियो । अन्तरक्रिया कार्यक्रममा संघका निवर्तमान अध्यक्ष एवम नेउवामहासंघका ३ नं. प्रदेशका उपाध्यक्ष श्री राजन गौतम, कार्यक्रममा विशिष्ट अतिथी एवम् उद्योग वाणिज्य संघ-चितवनका संस्थापक सचिव श्री कृष्णबन्धु पिया, पुर्व अध्यक्ष श्री महेन्द्रलाल प्रधान , पूर्व अध्यक्ष, डा. तिलचन्द्र भट्टराईले मन्तव्य राख्नु भएको थियो । सोहि कार्य क्रममा चितवन कलेज अफ मेडिकल साईन्सेसका डा.कौशल किशोर तिवारी, डा. शंकर लौडारी तथा पुष्पाञ्जली अस्पतालका डा. भोजराज अधिकारीले आ-आफ्नो धारणा सहित स्वास्थय सम्बन्धि जानकारी प्रस्तुत गर्नु भएको थियो बस्तुगत संघको तर्फबाट किराना व्यवसायी संघका अध्यक्ष श्री ईश्वरी प्रसाद खरालले समेत मन्तव्य राख्नु भएको थियो ।

संघको परिसरमा सञ्चालित निशुल्क स्वास्थ्य शिविरमा २१२ जनाले नि:शुल्क स्वास्थ्य परिक्षण गराउनु भएको तथा खुल्ला रक्तदान कार्यक्रममा ४३ जना रक्तदाताहरुले रक्तदान गर्नुभएको संघका कार्यक्रम अधिकृत निलबहादुर के.सी.ले जानकारी दिनु भयो । संघका अध्यक्ष श्री सहनलाल प्रधानको अध्यक्षता तथा कार्यकारी निर्देशक गौरव खतिवडाको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।



## संघको अध्ययन अवलोकन भ्रमण

उद्योग वाणिज्य संघ -चितवनका अध्यक्ष श्री सहनलाल प्रधानको नेतृत्वमा १६ सदस्यिय एक टोलिले गोरखा उद्योग वाणिज्य संघ, गोरखाको अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको छ । गोरखा उद्योग बाणिज्य संघको निमन्त्रणामा उक्त कार्यक्रम यहि माघ १७ गते सम्पन्न गरिएको हो । गोरखा उद्योग वाणिज्य संघको सभाहलमा एक छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरि एक आपसमा व्यवसायिक एवम् सहकार्यका बारेमा छलफल भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको भ्रमण टोलिलाई स्वागत गर्दै गोरखा उद्योग वाणिज्य संघका अध्यक्ष श्रवणकुमार जोशीले बिगतका दिन देखी बर्तमान सम्म दुई संघ बिचको सम्बन्ध अनुकरणिय रहेको र आगामी दिनहरुमा अझ मजबुत हुँदै जाने विश्वास ब्यक्त गर्नु भएको थियो । सोहि कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री सहनलाल प्रधानले बिगतका दिनमा दुई संघ बिच भगिनी सम्बन्ध रहेको र संघले गोरखा उवासंघलाई संघ व्यवस्थापन, प्रकाशन लगायतका गतिबिधिमा सहयोग गरेको उल्लेख गर्दै छिमेकी उद्योग वाणिज्य संघलाई संघ आन्दोलनमा संग संगै लिएर जान तयार रहेको उल्लेख गर्नु भयो । अध्ययन अवलोकन कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष सुमन कुमार श्रेष्ठ, द्वित्तिय उपाध्यक्ष चिरञ्जिवी सुवेदी, तृतिय उपाध्यक्ष भोजराज कौडाल लगायत संघका कार्यसमिति सदस्यहरुको सहभागिता रहेको थियो ।


## ओभिओपि कार्यक्रमको अनुगमन

उद्योग वाणिज्य संघ-चितवन अर्न्तगत सञ्चालित एक गाउँ एक उत्पादन कार्यक्रम अर्न्तगतको केरा खेतीको २०७४ फाल्गुण २० गते अनुगमन तथा अवलोकन गरियो । एक गाउं एक उत्पादन कार्यान्वय समितिका संयोजक एवम् संघका निबर्तमान अध्यक्ष श्री राजन गौतम, संघका अध्यक्ष सहनलाल प्रधान, संघका प्रथम उपाध्यक्ष सुमनकुमार श्रेष्ठ तृतिय उपाध्यक्ष भोजराज कौडाल, कृषी उद्यमी केन्द्रका कार्यक्रम अधिकृत अरुण श्रेष्ठ, केरा उत्पादक संघका अध्यक्ष बिष्णुहरी पन्त, संघका कार्यक्रम अधिकृत निलवहादुर के.सी लगायतको टिमले केरा खेती लगायत केराका परिकार बनाउने बिभिन्न उद्योगहरुको समेत अध्ययन अवलोकन गरेको थियो । बिगत केहि बर्ष देखी सञ्चालनमा आयको उक्त कार्यक्रमले चितवन जिल्लालाई केराको पकेट क्षेत्रको रुपमा स्थापित गर्नमा सहयोग पुगेको छ भने करिव ६ सय भन्दा बढि कृषकहरु यस कार्यक्रमबाट लाभाविन्त भएका छन् ।



## श्रम ऐन -२०७४ सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको आयोजनामा आज संघको सचिवालयमा एक दिवशिय श्रम ऐन २०७४ सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बिभिन्न व्यवसायी, संघ संस्था, उद्योगमा कार्यरत श्रमिक र रोजगार दाताहरुलाई श्रम ऐन २०७४ ले व्यवस्था गरेको प्रावधानहरुका बारेमा जानकारी दिने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा संघका अध्यक्ष श्री सहनलाल प्रधानले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै समयानुसार परिबर्तन भइरहने बिभिन्न नियम, कानुन तथा ऐनले ब्यवस्था गर्ने प्रावधानहरुको बारेमा व्यवसायी जानकार हुनु पर्ने र सोहि बमोजिम आफ्नो व्यवसायिक उत्तरदायित्व वहन गर्नुपर्ने भएकोले उक्त कार्यक्रम फलदायि हुने विश्वास ब्यक्त गर्नु भयो । कार्यक्रममा बोल्दै अध्यक्ष प्रधानले रोजगारदाता र श्रमिकहरु बिच सुमधुर सम्बन्ध कायम भएमा मात्र उत्पादनशिलतामा बृद्धी गर्न सकिने भएकोले उक्त कार्यक्रम आवश्यक भएको बताउनु भयो । कार्यक्रममा सर्वोच्च अदालताका एड्भोकेट एवम् त्रिभुवन विश्वविद्यालयका कानुनका प्रोफेसर श्री सरोज कृष्ण घिमिरेले सहजिकरण गर्नु भएको थियो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै उहांले बर्तमान श्रम ऐन परिमार्जित भइ आएकोले सम्पूर्ण सबै यस विसयमा जानकार भई आफ्नो दायित्व र अधिकार बोध गर्नु पर्ने बताउनु भयो । कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति, वस्तुगत संघका अध्यक्ष तथा पदाधिकारीहरु , रोजगारदाता ,मजदुर प्रतिनिधि ,संघका साधारण सदस्यहरु लगायतको सहभागिता रहेको संघका कार्यक्रम अधिकृत निलवहादुर के. सी. ले जानकारी दिनु भयो । संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री चुन नारयण श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने संचालन संघका कार्यकारी निर्देशक गौरव खतिवडाले गर्नु भएको थियो । कार्यक्रममा सहभागिहरुले श्रम ऐन सम्बन्धि विविध बिषयमा जिज्ञासाहरु राखेका थिए ।




के तपाईले संघको सदस्यता नविकरण गर्नु भयो ?
जानकारीको लागि: ०५६-५२०१०८/५२५५१२/५२२१४५

# ५१ औं

उहाँले बताउनु भयो । आर्थिक क्रान्ति सफल पार्नको लागि निजी क्षेत्रबाट उद्योग वाणिज्य संघले नेतृत्व लिनुपर्ने उहांले बताउनु भयो। अबको पाँच वर्षभित्र जनताको अगाडि बोलेका कुनै पनि काम पूरा गर्न सकेन भने जनताले माफी नदिने हुँदा जसरी भए पनि बोलेका सबै काम पूरा गर्नुपर्ने चुनौती रहेको उहाँको भनाइ छ। 'यसको लागि पक्ष-विपक्ष, साना-ठूला सबै दललाई समावेश गरेर अगाडि बढ्नुको विकल्प छैन,' उनले भने ।



प्रदेशसभा सदस्य घनश्याम दहालले पनि नेपालको राजनीतिक आन्दोलन सकिएकोले अब आर्थिक विकासको आन्दोलन गर्ने बेला आएको बताए । आर्थिक विकासको लागि सरकारी निकायभन्दा पनि निजी क्षेत्रको भूमिका महत्वपूर्ण हुने उनको भनाइ छ। नेपालको आर्थिक विकासको लागि प्रतिपक्षमै रहेर पनि उहाँले सहयोग गर्ने नेपाली कांग्रेस चितवनका सभापति जितनारायण श्रेष्ठले प्रतिबद्धता जनाए। 'राम्रो कामको लागि हामी यो पार्टी र त्यो पार्टी भन्दैनौं,' उहांले भन्नु भयो, 'जसले राम्रो काम गर्छ उसलाई हामी खुलेर सहयोग गर्छौं । अब बाम गठबन्धनको सरकार बन्दै गर्दा उहाँहरुको राम्रो कामको लागि हामी सधैं सकारात्मक छौं ।'

नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य एवम् उद्योग वाणिज्य संघ-चितवनका पूर्वअध्यक्ष डा. तिलचन्द्र भट्टराईले चितवनलाई आर्थिक राजधानीको रुपमा विकास गर्नको लागि गहन अध्ययन गर्नुपर्ने बताउनु भयो । 'सम्भव भइकन पनि अध्ययन आवश्यक छ,' उनले भने, 'गहन अध्ययनमार्फत अगाडि बढेमा जुन सुकै कामले पनि पूर्णता पाउन सक्छ ।' यसको लागि उद्योग वाणिज्य संघले सबै खालका व्यवसायीलाई स्वच्छ प्रतिस्पर्धामा ल्याउन सक्नुपर्ने उहांले बताउनु भयो ।

समुद्घाटन कार्यक्रमा सभापति एवं उद्योग वाणिज्य संघ- चितवनका अध्यक्ष राजन गौतमले देशमा उद्योग र उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने र वैदेशिक उत्पादनको उपभोगलाई न्यूनीकरण गर्नुपर्ने बताउनु भयो। निर्वाचन प्रजातान्त्रिक विधिको उत्तम प्रक्रिया रहेको उल्लेख गर्दै उहांले जसबाट प्रतिनिधि चयन गरिने भएता पनि प्रक्रिया सकिए पनि मनमुनाटबको स्थिति नबिग्रियोस्, भन्ने चाहाना रहेको बताउनु भयो । अध्यक्ष गौतमले २ वर्षे कार्यकालमा आफूले धेरै राम्रा कामहरु गर्न सकेको र आगामी कार्यसमितिले पनि यस किसिमका क्रियाकलापलाई निरन्तरता दिनका लागि अनुरोध गर्नु भयो । उहांले चितवन महोत्सवलाई राजस्वको दायरामा ल्याएको जसबाट १९ लाख बराबरको राजस्व संकलन भएको लगायत बिभिन्न कार्यहरु गरेको ले दुई बर्षे कार्यकाल सफल रहेको बताउनु भएको थियो । कार्यक्रम संघका कार्यकारी निदेशक गौरव खतिवडाले सञ्चालन गर्नु भएको थियो ।

## पत्रकार जोशीलाई नगदसहित सम्मान

उद्योग वाणिज्य संघ चितवनले यस वर्षको आर्थिक पत्रकारिता पुरस्कार पत्रकार ईश्वरकुमार जोशीलाई प्रदान गरेको छ। शनिबार संघको ५१ औं साधारण सभाको अवसरमा पत्रकार जोशीलाई नगद ५१ हजार रुपैयाँ सहित प्रमाण पत्रद्धारा सम्मान गरिएको हो । जोशीले प्रतिनिधिसभा सदस्य कृष्णभक्त पोखरेलको हातबाट पुरस्कार ग्रहण गरेका हुन् । पत्रकार जोशी चितवनमै रहेर वि.सं २०५० सालदेखि हालसम्म नेपाल टेलिभिजनमा चितवन संवाददाताको रुपमा कार्यरत छन् भने २०५५ साल देखि बीबीसी नेपाली सेवाको लागि पनि चितवन संवाददाताको रुपमा कार्यरत छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ चितवनका सल्लाहकार समेत रहेका पत्रकार जोशी यसअघि २०७१ सालमा प्रकृतिको साथी नामक संस्था मार्फत गोरखाको बारपाकमा नगद २५ हजार रुपैयाँ पुरस्कार सहित सम्मानित भएका थिए ।



## व्यवसायीहरुलाई सम्मानः

चितवन जिल्लालाई कर्मथलो बनाई बिगत लामो समय देखि उद्योग व्यवसाय सञ्चालन गर्दै आउनु भएका एवम् उद्योग वाणिज्य संघ-चितवनको विगत २५ बर्ष देखि सदस्य भएका व्यवसायीहरुलाई साधारणसभाको उद्घाटन समारोहमा सम्मानित गरिएको थियो । सम्मान कार्यक्रममा १६७ व्यवसायीलाई दोशल्ला ओढाई सम्मान- पत्र प्रदान गर्दै संघका अध्यक्ष राजन गौतमले सम्मान गर्नु भएको थियो । कार्यक्रममा बिभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरुले समेत आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो। धन्यवाद मन्तव्य सहित संघका वरिष्ठ उपाध्यक्ष श्री राजु श्रेष्ठले समुद्घाटन समारोहको समापन गर्नु भयो ।

## बन्दसत्र

संघको ५१ औं वार्षिक साधारणसभाको दोश्रो सत्र अर्थात बन्द सत्र २०७४ पौष २९ गते बेलुका ४:०० बजेदेखी संघको सभाकक्षमा सम्पन्न भयो । संघका अध्यक्ष श्री राजन गौतमको अध्यक्षतामा सम्पनन उक्त बन्द सत्रमा संघका वरिष्ठ उपाध्यक्ष श्री राजु श्रेष्ठ द्धारा प्रस्तुत प्रस्ताव, प्रथम उपाध्यक्ष श्री चुननारायण श्रेष्ठद्धारा प्रस्तुत आर्थिक प्रतिवेदन एवम् अनुमानित आर्थिक कार्यक्रम र कार्यकारी निर्देशक गौरव खतिवडा द्धारा प्रस्तुत प्रगति प्रतिवेदन बृहत छलफल पश्चात सर्व सम्मतले पारित गरियो । संघको उक्त बन्द सत्रमा सभासद्ज्यूहरु बाट सोधिएका बिभिन्न सवालहरुको जवाफ संघका अध्यक्ष श्री राजन गौतम, प्रथम उपाध्यक्ष श्री चुननारायण श्रेष्ठ लगायतले दिनु भएको थियो । बन्द सत्र कार्यक्रम संघका कार्यक्रम अधिकृत निलबहादुर के.सी.ले गर्नु भएको थियो ।

अन्त्यमा संघका अध्यक्ष श्री राजन गौतमले उपस्थित सम्पूर्ण महानुभावहरु, सभासद्ज्यूहरु , पत्रकार बन्धुहरु लगायतलाई धन्यवाद ज्ञापन गर्दै बन्दसत्र समाप्त भएको घोषणा गर्नु भयो ।

# गुणस्तरिय मह उत्पादन सम्बन्धि तालिम सम्पन्न

चितवन जिल्ला लगायत नवलपुर र मकवानपुर क्षेत्रका मौरी पालक कृषकहरुलाई लक्षित गरि संचालित २ हप्ते निर्यातयोग्य गुणस्तरिय मह उत्पादन, प्रशोधन तथा प्याकेजिङ तालिम एक कार्यक्रमका बिच माघ २३ गते आइतवार उद्योग वाणिज्य संघ- चितवनको तालिम कक्षमा सम्पन्न भएको छ । मह उत्पादन प्रक्रियालाई व्यवस्थित, बिविधिकरण गुणस्तरिय बनाउँदै छिमेकी राष्ट्र लगायत तेश्रो मुलुकमा समेत निर्यात गर्नका लागि महको उत्पादन देखी प्रशोधन, प्याकेजिङ र निर्यात गर्दा सम्मका चरणहरुका बारेमा मौरि पालक कृषकलाई सक्षम बनाउने उदेश्यले उक्त तालिमको आयोजना गरियको थियो । तालिमको समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधानले उद्योग वाणिज्य संघ -चितवनले जिल्लालाई गुणस्तरिय मह उत्पादनको हव बनाउने र मौरीमा आश्रीत कृषकहरुको समेत आय आर्जनमा बृद्धी गर्दै जिल्लाको आर्थिक गतिबिधिमा समेत टेवा पुर्‍याउने उदेश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । कार्यक्रममा उपस्थित सहभागि, प्रशिक्षार्थि लागयतलाई स्वागत गर्दै प्रधानले उत्पादित महलाई प्रवर्द्धन गर्नका लागि उद्योग वाणिज्य संघ-चितवन सदैव तत्पर रहेको बताउनु भयो । उहांले संघले निर्धारण गरेका विकासका ४ क्षेत्र शिक्षा, स्वास्थ्य,पर्यटन र कृषिलाई प्रवर्द्धन गर्ने सन्दर्भमा कृषि क्षेत्रको मह खेतीलाई प्रवर्द्धन गर्ने शिलशिलामा कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उहांले संघले आगामी दिनहरुमा पनि कृषकहरुको आवश्यकता बमोजिम कार्यक्रमहरु संचालन गर्दै लैजाने बताउनु भयो ।

प्रशिक्षार्थिको तर्फबाट बोल्दै प्रशिक्षार्थि यदुनाथ कंडेलले तालिम अत्यन्त फलदायी भएको र तालिमले आफुलाई अझ बढि परिस्कृत गर्नमा



ठुलो योगदान पुगेको औंल्याउनु आगामी दिनहरुमा पनि यस किसिमका कार्यक्रमहरु आयोजना गर्नका लागि संघलाई अनुरोध गर्नु भयो । सोहि कार्यक्रममा बोल्दै नेपाल मौरी पालक महासंघका अध्यक्ष तथा श्रोत व्यक्ति श्री राम प्रसाद पौडेलले संघले यस किसिमको तालिमको आयोजना गरि कृषकहरुलाई हौसला प्रदान गरेको बताउनु भएको थियो । कार्यक्रमा उपस्थित सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै संघका द्वित्तिय उपाध्यक्ष चिरञ्जीवि सुवेदीले तालिमको औपचारिक समाप्ति संगै वास्तविक जिवनमा पुन: शुरु हुने बताउनु भयो । बिभिन्न क्षेत्रका ३० जना मौरी पालक कृषक सहभागि रहेको तालिम उद्योग वाणिज्य संघ-चितवनको आयोजना तथा नेपाल सरकार व्यापार तथा निकाशी प्रवर्द्धन केन्द्रको सहयोगमा सञ्चालन भएको संघका कार्यक्रम अधिकृत निलबहादुर के.सी.ले जानकारी दिनु भयो । उक्त तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम संघका अध्यक्ष श्री सहनलाल प्रधानको सभापतित्व एवम् संघका कार्यक्रम अधिकृत निलबहादर के.सीको सञ्चालनमा सम्पन्न भएको थियो ।



## बस्तुगत...

भएको थियो । सोहि भेलाले यहि माघ १९ गते पर्ने उद्योग वाणिज्य संघ-चितवनको स्थापना दिवस मनाउने सन्दर्भमा बृहत रक्तदान कार्यक्रम, स्वास्थ्य परिक्षण तथा एक व्यवसायिक अर्न्तक्रिया कार्यक्रमको आयोजना गरि भव्य रुपमा सम्पन्न गर्ने निर्णय समेत गरेको छ । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, प्रथम उपाध्यक्ष सुमनकुमार श्रेष्ठ लगायतले आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रम संघका तृतिय उपाध्यक्ष एवम् वस्तुगत संघ संयोजन समितिका संयोजक भोजराज कौडालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# संघको कार्यसमितिले पूर्णता पायो

उद्योग वाणिज्य संघ-चितवनको कार्यसमितिको आज वसेको बैठकले बिभिन्न क्षेत्रका बिज्ञहरु सहित ८ जनालाई कार्यसमिति सदस्य पदमा मनोनयन गरेको छ । संघको बिधान बमोजिम संघका अध्यक्ष सहनलाल प्रधानले कार्यसमिति सदस्यमा १ जना महिला सहित ३ जनालाई मनोनयन गर्नुभएको हो । यसैगरि कार्यसमिति सदस्यहरुमा साधारणसदस्य मध्येबाट क्रमश: बिनोद पौडेल, वोद्यराज पौडेल र योगीता पियालाई मनोनयन गरिएको हो । संघले आफ्नो कार्यक्षेत्र कृषि,पर्यटन, शिक्षा, स्वास्थय लगायत बिभिन्न क्षेत्रका बिज्ञहरुलाई विशिष्ट सदस्यमा समेत मनोनयन गरेको छ ।

विशिष्ट सदस्यहरुमा क्रमश: डा.कृष्ण प्रसाद पौडेल (स्वास्थ्य), डा. होम बहादुर बस्नेत (कृषि), कपिलदेव सुवेदी (शिक्षा), दिलिप मैनाली (पर्यटन) र विशिष्ट सदस्यमै ज्ञानेन्द्रमान शाक्यलाई मनोनयन गरिएको संघका कार्यक्रम अधिकृत निलबहादुर के.सी.ले जानकारी दिए । संघको कार्यसमितिमा मनोनित सदस्यहरु सहित ३४ सदस्यि कार्यसमिति बनेको छ । संघको गत पौष २९ र ३० गते सम्पन्न संघको ५१ औं वार्षिक साधारणसभा तथा अधिवेशनबाट संघका अध्यक्ष सहनलाल प्रधानको नेतृत्वमा नयां कार्यसमिति निर्वाचित भएको थियो ।

# समसामयिक विषयमा अर्न्तक्रिया कार्यक्रम




उद्योग वाणिज्य संघ चितवनको आयोजनामा माघ ६ गते शनिवारका दिन एक दिवसिय अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । देशको समसामयिक अवस्था र समसामयिक विषयमा आयोजना गरिएको उक्त अर्न्तक्रिया कार्यक्रममा संघका अध्यक्ष श्री सहनलाल प्रधानले उपस्थित सम्पूर्णलाई स्वागत गर्दै देशको समुन्नत विकासमा राज्य निजि क्षेत्र संग संगै जानुपर्ने र निजि क्षेत्रलाई आर्कषित गर्ने खालका योजना ल्याउनुपर्ने धारणा ब्यक्त गर्नु भएको थियो । विकासका पूर्वाधार र संरचनाहरु यथाशक्य छिटो निर्माण गर्न सकेमा मात्र आर्थिक उन्नतिमा अगाडी बढ्न सकिने भन्दै उहांले यस तर्फ राष्ट्रिय योजना आयोग जस्तो संवैधानिक निकाय गम्भिर भई सोहि अनुसार योजना तर्जुमा गुर्नपर्नेमा उहांले जोड दिनु भयो । कार्यक्रममा बोल्दै उहांले नारायणीको पुल जिर्ण बनिसकेकोले छिटो भन्दा छिटो उक्त पुल निर्माण गर्नका लागि समेत अनुरोध गर्नुभएको थियो । संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमा संघका पूर्व अध्यक्ष श्री मित्रराज दवाडीले चितवन जिल्ला विकासका सम्पूर्ण दृष्टीले सम्भावित जिल्ला भएकोले यस जिल्लाको विकासमा आयोगले ध्यान दिंदै उत्पादन लागत घटाउने सन्दर्भका आयोजना लागु गर्नुपर्ने औंल्याउनु भएको थियो । कार्यक्रमका प्रमुख वक्ता एवम् राष्ट्रिय योजना आयोगका सदस्य माननिय सुनिलबाबु श्रेष्ठले उपस्थित व्यवसायीहरुले राख्नु भएको विभिन्न जिज्ञासाहरुको जवाफ दिंदै आफुले चितवनको समग्र विकासका लागि सक्दो सहयोग गर्ने विश्वास दिलाउनु भएको थियो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठले उपस्थित सबैलाई धन्यवाद ब्यक्त गर्नुभएको थियो भने कार्यक्रम संघका कार्यकारी निर्देशक गौरव खतिवडाले सञ्चालन गर्नुभएको थियो । उक्त कार्यक्रमा संघका पदाधिकारीज्यूहरु, कार्यसमिति सदस्यज्यूहरु, पूर्वअध्यक्षज्यूहरु लगायत उद्यमी व्यवसायीहरुको उल्लेखिय सहभागिता रहेको थियो ।

# आईएसओ सम्बन्धि तालिम सम्पन्न

उद्योग वाणिज्य संघ- चितवनको आयोजनामा फागुन १५ गते मंगलवार संघको सचिवालयमा एक दिवशिय गुणस्तर व्यवस्थापन पद्धती सम्बन्धी तालिम सम्पन्न भएको छ । संघको सचिवालयका कर्मचारीहरु लाई संघ व्यवस्थापन तथा सेवा प्रबाह सम्बन्धि बिषयमा दक्ष बनाउने उदेश्यले आयोजित उक्त कार्यक्रममा संघका पदाधिकारी एवम् कार्य-समिति सदस्यहरुको समेत उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवन आइएसओ ९००१:२००८ द्धारा प्रमाणित भइसकेको अवस्थामा संघको ब्यवस्थापनलाई अक्ष बढि चुस्त र ब्यवस्थित बनाउदै अन्तराष्ट्रिय मापदण्ड बमोजिम आईएसओ ९००१:२०१५ द्धारा प्रमाणित गराउनका लागि समेत उक्त तालिम कार्यक्रमको आयोजना गरिएको हो । तालिमको समापनको अवसरमा बोल्दै संघका अध्यक्ष श्री सहनलाल प्रधानले संघले संघ ब्यवस्थापन र आफ्ना सदस्यहरुलाई सेवा प्रदान गर्ने



सम्बन्धमा गुणस्तरियतालाई सदैव आत्मासात गर्दै आइरहेको र आगामी दिनहरुमा पनि गुणस्तरियतालाई ध्यानमा दिई सेवा प्रवाह गर्ने धारणा ब्यक्त गर्नु भयो । उहांले संघका गतिविधिलाई ब्यवस्थित ढंगले सञ्चालन गर्नमा सचिबालयका कर्मचारी र पदाधिकारीहरु बिच सुमधुर सम्बन्ध एवम् सहकार्य आवश्यक भएकोले सोका लागि आफु सदैव सकारात्मक भएको जानकारी गराउदै सम्पूर्ण कर्मचारीहरुले आफ्नो दायित्वलाई आत्मसात गर्दै गुणस्तरिय सेवा प्रवाहामा कटिबद्ध रहन समेत अपिल गर्नु भयो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठले संघ व्यवस्थापनमा उद्योग वाणिज्य संघ-चितवन एक सफल संघ रहेको र यसको गुणस्तरियतामा समय सापेक्ष रुपमा अभिबृद्धी गर्दै लैजाने बताउनु भयो । सोही कार्यक्रमा बोल्दै कार्यक्रमका प्रमुख श्रोत ब्यक्ति एवम् सफ्ट टेक प्रा.लि. काठमांडौका प्रमुख कार्यकारी अधिकृत श्री जर्नादन घिमिरेले उद्योग वाणिज्य संघ-चितवनले बिगत लामो समय देखि गुणस्तरियतामा दिएको निरन्तरतालाई प्रशंसा गर्दै निकट भविष्यमा आइएसओ २०१५ बाट प्रमाणित हुन योग्य रहेको र छिटैनै प्रमाणित हुने विश्वास ब्यक्त गर्नु भयो । कार्यक्रममा संघका कर्मचारी एवम् पदाधिकारीहरु सहित २५ जनाको सहभागिता रहेको संघका कार्यक्रम अधिकृत निलबहादुर केसीले जानकारी दिए । संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको कार्यक्रम संघका अध्यक्ष श्री सहनलाल प्रधानको अध्यक्षतामा एवम् कार्यक्रम अधिकृत निलबहादुर केसीको संचालनमा सम्पन्न भएको हो ।

# उद्योग वाणिज्य संघ-चितवनको कार्ययोजना तर्जूमा गोष्ठी सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको कार्ययोजना तर्जूमा गोष्ठी सम्पन्न उद्योग वाणिज्य संघ-चितवनले कार्यकाल २०७४-२०७६ का लागि योजना तर्जुमा गोष्ठी फागुन २ र ३ गत सम्पन्न गरेको छ । संघको हालै सम्पन्न ५१ औं वार्षिक साधारणसभा तथा अधिवेशन बाट श्री सहनलाल प्रधानको नेतृत्वमा निर्वाचित नयां कार्यसमितिले आगामी २ बर्षका लागि कार्ययोजना तय गर्नका लागि उक्त तर्जुमा गोष्ठी आयोजना गरेको हो । चितवनको पर्यटकिय स्थल जगतपुर स्थिति होटल टाईगरल्यान्ड सफारी रिसोंटमा सम्पन्न उक्त गोष्ठीले शिक्षा, कृषी, पर्यटन, स्वास्थ्य, सचिवालय सुदृढीकरण, व्यवसाय प्रबर्द्धन, उद्यमशिलता विकास र औद्योगिकरण र पूर्वाधार विकास लाई मुख्य आधार मानेर बिभिन्न कार्यक्रमहरु तर्जुमा गरेको हो । सामाजिक उत्तरदायित्व एवम् संस्थागत उत्तरदायित्व सहितको व्यवसायलाई प्रबर्द्धन गर्दै चितवन जिल्ला लगायत देशको अर्थतन्त्रमा समेत टेवा पुग्ने तवरमा कार्यक्रम आयोजना गर्ने गरि योजना तय गरिएको हो । चितवन जिल्ला हरेक आयामले सम्भावित जिल्ला भएकोले यसको विकासमा स्थानिय निकायहरु संग समन्वय गरी सम्पन्न गर्ने गरि संघले कार्यक्रम तय गरेको हो । संघको उक्त गोष्ठीको समापन कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष श्री सहनलाल प्रधानले उक्त गोष्ठीले संघलाई आगामी २ बर्षका लागि कार्यक्रमहरु संचालन गर्न मार्ग प्रसस्त गरेकोले सम्पूर्ण पदाधिकारी, कार्यसमिति सदस्य, पुर्वअध्यक्षहरु तथा सचिवालयको सक्रिय भूमिका रहने अपेक्षा व्यक्त गर्नुभएको थियो । २ दिन सम्म सञ्चालित उक्त गोष्ठीमा संघका पूर्व अध्यक्ष मित्रराज दवाडी र नेपाल जेसिजका पूर्व अध्यक्ष एवम् नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष महेश दाहालले सहजिकरण गर्नु भएको थियो । संघका अध्यक्ष श्री सहनलाल प्रधानको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कार्य-समितिका पदाधिकारी, कार्यसमिति सदस्यहरु, पुर्वअध्यक्षज्यूहरु र सचिवालयका कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो ।



# उवासंघ चितवन द्वारा जिल्ला ट्राफिक प्रहरीलाई राडरगन हस्तान्तरण

उद्योग वाणिज्य संघ-चितवनले फागुन १६ गते बुधवार संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनलाई राडर गन हस्तान्तरण गरेको छ । संघको संस्थागत उत्तरदायित्व अर्न्तगत रहि संघले जिल्लामा भइरहेका सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने कार्यमा सहयोग गर्ने उद्देश्यले उक्त राडर गन हस्तानान्तरण गरेको हो । उक्त कार्यक्रममा बोल्दै संघका अध्यक्ष श्री सहनलाल प्रधानले महानगरपालिका क्षेत्र लगायत चितवन जिल्लामा बढ्दो सवारी साधन संगसंगै भइरहेका सवारी दुर्घटनाले गर्दा ठुलो मानविय क्षति बेहोर्नु परेकोले उक्त राडर गनले केहि हद सम्म भए पनि सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उक्त गनको समुचित प्रयोग हुने अपेक्षा व्यक्त गर्नु भयो । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघ ३ नं. प्रदेशका उपाध्यक्ष श्री राजन गौतमले भरतपुर क्षेत्रमा भएका सवारी दुर्घटनाले गर्दा मानविय सम्वेदनामा आघात पुग्नुका साथै शहर अव्यवस्थित समेत भएकोहुनाले जिल्ला ट्राफिक प्रहरी कार्यालय संग सहकार्य गर्दै दुर्घटनामा न्यूनिकरण गर्दै सचेतना जगाउने उदेश्य अनुरुप उक्त यन्त्र हस्तानन्तरण गरिएको धारणा व्यक्त गर्दै त्यसको समुचित प्रयोग र सुरक्षाका लागि अनुरोध गर्नु भयो । कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालयका कार्यालय प्रमुख प्रहरी निरिक्षक श्री सन्तोष पन्तले प्रत्येक बर्ष सवारी दुर्घटनाबाट ज्यानजानेको संख्यामा बृद्धी हुँदै गइरहेकोले आफु चिन्तित



अवस्थामा संघले उक्त राडरगन हस्तान्तरण गरि सरकारले गर्न नसकेको काम संघले गरेकोमा संघ प्रति हार्दिक आभार व्यक्त गर्नु भयो । कार्यक्रममा उहाले उक्त यन्त्रको आवश्यकता महसुस गरि बिभिन्न संघ संस्थालाई सहयोगको अपिल गरेपनि उद्योग वाणिज्य संघ चितवनले उक्त मागलाई सहज रुपमा सम्बोधन गरेकोमा खुशी व्यक्त गर्दै यस

## विभिन्न कार्यक्रममा संघको सहभागिता

| मिति | कार्यक्रम | आयोजक | सहभागि |
|---|---|---|---|
| १०/०८ | स्वागत, सम्मान, बधाई तथा शुभकामना | घर बहाल उपभोक्ता मंच | कार्यसमिति सबै |
| १०/०६ | अतिथिको आतिथ्यता ग्रहण | ज्ञानेश्वर (सामुदायिक) | श्री सहनलाल प्रधान |
| १०/१० | स्वागत, सम्मान, बधाई तथा शुभकामना | चितवन उद्योग संघ | कार्यसमिति सबै |
| १०/१० | RC Narayangarh (Guest Speaker) | Rotary Club | श्री सहनलाल प्रधान |
| १०/१० | बार्षिकउत्सव कार्यक्रम | बालकुमारी मा.वि. | श्री सहनलाल प्रधान |
| १०/१० | नेतृत्व विकास तथा उद्घोषण तालिम | फेन्सी व्यवसायी संघ | श्री सहनलाल प्रधान |
| १०/१६ | भानु मा. वि. बार्षिकउत्सव | भानु मा.वि. | श्री सहनलाल प्रधान |
| १०/१६ | चस्मा व्यवसायी संघ साधारण सभा | चस्मा व्यवसायी संघ | श्री सहनलाल प्रधान |
| १०/१६ | श्रम ऐन सम्बन्धी अन्तरक्रिया | उ.वा. संघ | कार्यसमिति सबै |
| १०/१६ | खानेपानी व्यवस्थापन बोर्ड बैठक | भरतपुर खानेपानी | श्री सहनलाल प्रधान |
| १०/२२ | ने.क.पा. एमाले | ने.क.पा. एमाले (चितवन) | कार्यसमिति |
| १०/२८ | FNCCI province 3 AGM | FNCCI-Province 3 | श्री सहनलाल प्रधान<br>पदाधिकारी |
| १०/२९ | भरतपुर अस्पताल विकास समिति बैठक | भरतपुर अस्पताल | श्री सहनलाल प्रधान |
| १०/२९ | CAN Infotech Closing Ceremony | CAN Federation Chitwan | श्री सहनलाल प्रधान |
| ११/११ | बैठक | जिल्ला कृषि विकास | श्री सुमन कुमार श्रेष्ठ |
| ११/१२ | 6th Himalayan Drive Motor Rally | 6th Himalayan Drive Motor Rally (siliguri-Chitwan-Murti West Bangal-Bhutan-Darjeeling) | श्री सुमन कुमार श्रेष्ठ<br>श्री राजेन्द्र ओली |
| ११/११ | विशिष्ट अतिथिको आतिथ्यता ग्रहण | चितवन अटो मोबाइल डिलर एसोसियसन | श्री सिद्धार्थलाल चुके |
| ११/०७ | उपस्थिति सम्बन्धमा | Nepal Auditors Association | सम्पूर्ण पदाधिकारी |
| ११/०७ | उद्घाटन कार्यक्रम | पाथिभरा हिमालयन पोलिटेक्निक इन्टिच्युट | श्री सहनलाल प्रधान<br>श्री चुननारायण श्रेष्ठ |

## कार्यसमितिको नामावली २०७४-७६

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | सहन लाल प्रधान | अध्यक्ष |
| २. | राजन गौतम | नि. वर्तमान अध्यक्ष |
| ३. | सुननारायण श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष |
| ४. | सुमनकुमार श्रेष्ठ | प्रथम उपाध्यक्ष |
| ५. | चिरञ्जिवी सुवेदी | द्वितीय उपाध्यक्ष |
| ६. | भोजराज कौडाल | तृतीय उपाध्यक्ष |
| ७. | अशोक अधिकारी | कार्यसमिति सदस्य |
| ८. | ईश्वरी प्रसाद खराल | कार्यसमिति सदस्य |
| ९. | ई.कृष्ण प्रसाद रिजाल | कार्यसमिति सदस्य |
| १०. | किरण कुमार खनाल | कार्यसमिति सदस्य |
| ११. | चन्द्रमणी सापकोटा | कार्यसमिति सदस्य |
| १२. | तारानाथ पाठक | कार्यसमिति सदस्य |
| १३. | चिरप्रसाद घिमाल | कार्यसमिति सदस्य |
| १४. | दिपक शर्मा पौडेल | कार्यसमिति सदस्य |
| १५. | विकास थापा | कार्यसमिति सदस्य |
| १६. | राम बहादुर वि.के | कार्यसमिति सदस्य |
| १७. | रजनी मास्के | कार्यसमिति सदस्य |
| १८. | राजेन्द्र ओली | कार्यसमिति सदस्य |
| १९. | रेशमलाल आचार्य | कार्यसमिति सदस्य |
| २०. | रोहित कुमार श्रेष्ठ | कार्यसमिति सदस्य |
| २१. | लक्ष्मिरमण पौडेल | कार्यसमिति सदस्य |
| २२. | सिद्धार्थलाल चुके | कार्यसमिति सदस्य |
| २३. | सिरिष मल्ल | कार्यसमिति सदस्य |
| २४. | सोमप्रसाद काफ्ले | कार्यसमिति सदस्य |
| २५. | शिव प्रसाद ओभा | कार्यसमिति सदस्य |
| २६. | ज्ञानु प्रसाद न्यौपाने | कार्यसमिति सदस्य |
| २७. | विनोद पौडेल | कार्यसमिति सदस्य |
| २८. | बोधराज पौडेल | कार्यसमिति सदस्य |
| २९. | प्रमिला थिया | कार्यसमिति सदस्य |
| ३०. | डा. कृष्ण प्रसाद पौडेल | कार्यसमिति सदस्य |
| ३१. | डा. होम ब. बस्नेत | कार्यसमिति सदस्य |
| ३२. | दिलिप मैनाली | कार्यसमिति सदस्य |
| ३३. | कपिल देव सुवेदी | कार्यसमिति सदस्य |
| ३४. | ज्ञानेन्द्रमान शाक्य | कार्यसमिति सदस्य |
| ३५. | गौरव खतिवडा | कार्यकारी निर्देशक |

## नारायणगढ बजारको मिति २०७४ फागुन ३० गतेको बजार भाउ

| वस्तुको नाम | परिमाण | मुल्य | वस्तुको नाम | परिमाण | मुल्य | वस्तुको नाम | परिमाण | मुल्य |
|---|---|---|---|---|---|---|---|---|
| १. धान मसिनो बास्मती | प्रति के.जी. | ४२।- | १९. पिना | प्रति के.जी. | २७।- | ग) स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ६५०।- |
| २. धान मन्सुली | ,, | ३२।- | २०. आलु | ,, | २१।- | घ) लेयर्स कुखुरा जीवित | ,, | २६०।- |
| ३. धान मोटो सावित्री | ,, | २७।- | २१. प्याज | ,, | २५।- | ङ) खसि बोकाको तयारी | ,, | ७५०।- |
| ४. धान मोटो सावित्री | ,, | २४।- | २२. तोरीको तेल | १० लि. | २४००।- | च) रांगोको तयारी | १० लि. | ३५०।- |
| ५. चामल मसिनो वास्मती | ,, | ११०।- | २३. नून | ,, | २०।- | छ) बंगुरको तयारी | ,, | ३५०।- |
| ६. चामल मन्सुली | ,, | ५३।- | २४. जीरा | ,, | ४७०।- | ज) माछा खानयोग्य | ,, | २८०।- |
| ७. चामल मोटो सावित्री | ,, | ४३।- | २५. मरीच | ,, | १०००।- | झ) अण्डा खानयोग्य | ,, | २७०।- |
| ८. चामल मोटो | ,, | ३८।- | २६. धनियाँ | ,, | १५०।- | २८. दुध (प्रशोधित) | ,, | ७०।- |
| ९. मकै | ,, | २३।- | क) २६ गेज कर्कट पाता | प्रति बण्डल | ९१००।- | २९. दहि | प्रति बण्डल | १००।- |
| १०. फापर | ,, | ६०।- | ख) २८ गेज कर्कट पाता | ,, | ७२००।- | ३०. पनिर | ,, | ६००।- |
| ११. कालो मासको गेडा | ,, | १००।- | ग) ८ मि.मि छड | प्रति क्विण्टल | ९०।५० | ३१. क्रिम | प्रति क्विण्टल | ४००।- |
| १२. चना | ,, | ९०।- | घ) १० मि.मि छड | ,, | ८७।- | ३२. आइसक्रिम | ,, | २६०।- |
| १३. केराउ | ,, | ६०।- | ङ) १२ मि.मि छड | ,, | ८७।- | ३३. बटर | ,, | ९००।- |
| १४. भटमास | ,, | ८०।- | च) १६ मि.मि छड | ,, | ८७।- | ३४. घ्यु | ,, | १०००।- |
| १५. रहर दाल | ,, | १००।- | छ) निर्माण सिमेन्ट | प्रति बोरा | ७८५।- | ३५. ब्रोइलर कुखुरा १ नं. दाना | प्रति बोरा | ५५।- |
| १६. मसुरी दाल | ,, | ९०।- | २७. मासुजन्य पदार्थ | प्रति के.जी. | | ३६. ब्रोइलर कुखुरा २ नं. दाना | प्रति के.जी. | ५६।- |
| १७. मासको दाल | ,, | ९०।- | क) ब्रोइलर कुखुराको तयारी | ,, | ३४०।- | ३७. लेयर्स कुखुरा २ नं. दाना | ,, | ४५।- |
| १८. तिल | ,, | २८०।- | ख) ब्रोइलर कुखुराको जीवित | ,, | २३०।- | ३८. लेयर्स कुखुरा ३ नं. दाना | ,, | ४७।- |

नोट : माथी उल्लेखित बजार भाउ पत्रिका तयार गर्दा लिइने हुँदा पत्रिका प्राप्त हुने मितिमा केहि तल माथि हुन सक्नेछ - प्रकाशन समिति

### पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुँदै आईरहेको मासिक बुलेटिनलाई अझै स्तरिय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यवसायीक लेख रचना भए यस संघको सचिवालयमा लेखि पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

-सम्पादक

प्रापक:

..............................................

..............................................

..............................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०